# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

प. सं. २०८१/०८२
च.नं. (प्रशासन) सूचना नं-२९

**कर्मचारीको तह वृद्धि तथा तह मिलान सम्बन्धी सूचना ।**
(प्रकाशित मितिः २०८१/०८/२८)

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कोशी गाउँपालिकामा समायोजन/समायोजन मिलान भएका र संघीय लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ति/सिफरिस/समायोजन/समायोजन मिलान भई कोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरूमध्ये तपशील बमोजिमको योग्यता पुगेका कर्मचारीहरुले निम्न बमोजिमको कागजात सहित तोकिएको समय भित्र रितपूर्वक फारम भरी यस कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशीलः

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा १६ र १७ बमोजिम योग्यता पुगेका स्थायी कर्मचारीको हकमा यथाशीघ्र निम्न कागजात सहित निवेदन पेश गर्नुहुन ।

क) स्थायी नियुक्ति पत्र,
ख) समायोजन पत्र वा लोकसेवा आयोगको सिफारिस र नियुक्ति पत्र,
ग) शैक्षिक योग्यताको प्रमाणपत्र सहित निवेदन ।

२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम योग्यता पुगेका स्थायी कर्मचारीको हकमा सूचना प्रकाशन भएको ३० (तीस) दिन भित्र निम्न कागजात सहित निवेदन पेश गर्नुहुन ।

क) स्थायी नियुक्ति/बढुवा/तहबृद्धि/तह मिलानको प्रमाणपत्र,
ख) लोक सेवा आयोगबाट संघीय निजामती सेवाको पदमा सिफारिस र नियुक्ति भई स्थानीय तहमा समायोजन भएको पत्र,
ग) पछिल्लो ३ (तीन) वर्षको कार्यसम्पादन मूल्याङ्कनको सक्कल प्रति,
घ) शैक्षिक योग्यताको प्रमाणपत्र सहित निवेदन ।

..............................
(दामोदर दाहाल)
प्रमुख प्रशासकीय अधिकृत

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Website: www.koshimun.gov.np
✉: koshigaupalika@gmail.com
✉: ito.koshimun@gmail.com
✆: 025-5401065